

# बच्छला सन्देश

aR5nfbj LdfWdlds lj Bfno e'kj'{lj BfYL{; dfh
v lgofaf; %; Tobj L,wfb

२०८२

*संरक्षक*
*बम बहादुर तामाङ*
*अध्यक्ष*
*बच्छलादेवी माध्यमिक विद्यालय भूपू विद्यार्थी समाज*

*प्रकाशक*
*बच्छलादेवी माध्यमिक विद्यालय भूपू विद्यार्थी समाज*
*खनियाबास, धादिङ*
Email: bachchhalaexstudent078@gmail.com

©*बच्छलादेवी माध्यमिक विद्यालय भूपू विद्यार्थी समाज*

*प्रथम संस्करण*
वैशाख २०८२

*परिकल्पना/संकलन*
बम बहादुर तामाङ, कृष्ण बद्री पौडेल, बाबुराम फुयूबा

*भाषा सम्पादन*
बाबुराम फुयूबा

*साजसज्जा*
एस.एम. प्रि-प्रेस सोलुशन
prepresssolution01@gmail.com

**प्रकाशन तथा सम्पादन मण्डल**

| कृष्ण बद्री पौडेल | बाबुराम फुयूबा | बलराम रिजाल |
| --- | --- | --- |
| संयोजक | सदस्य | सदस्य |

---

यस स्मारिकामा प्रकाशित सम्पूर्ण लेख, रचना लेखकका निजी विचार हुन् ।
त्यसमा सम्पादक मण्डलको सहमतिको आवश्यता छैन ।

---

नेपाल सरकार

**मा. रामनाथ अधिकारी**
मन्त्री
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं
इमेल: adhikariramnath263@gmail.com
minister@moald.gov.np

# शुभकामना



नयाँ वर्ष २०८२ को पावन अवसरमा बच्छलादेवी मा.वि. भूपू विद्यार्थी समाजद्वारा प्रकाशन गर्न लागिएको स्मारिका "बच्छला सन्देश" को सफल प्रकाशनप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

यस समाजले शिक्षाको उज्यालो यात्रा पश्चात् पनि जन्मभूमिको माटो र विद्यालयप्रति देखाएको निष्ठा, समर्पण र योगदान अत्यन्त सराहनीय छ । "बच्छला सन्देश" स्मारिका निश्चय नै समाजका गतिविधिहरूको दस्तावेजीकरण गर्नुका साथै भावी पुस्ताका लागि प्रेरणाको स्रोत बन्नेछ ।

वि.सं. २०७८ सालमा जिल्ला प्रशासन कार्यालय, धादिङमा दर्ता भई २०८० सालमा समाज कल्याण परिषद, काठमाडौंमा दर्ता भएको यस बच्छलादेवी मा.वि. भूपू विद्यार्थी समाजले सम्बन्धित विद्यालय बच्छलादेवी मा.वि. सँग समन्वय गर्दै विद्यार्थीहरूको सिकाई, क्षमता अभिवृद्धि हुने खालका कार्यक्रमहरू जस्तै: शैक्षिक सामग्री वितरण, छात्रवृत्ति कार्यक्रम, विपन्न छात्र-छात्राहरूलाई न्यानो कपडा वितरण, शुद्ध पिउने पानीको व्यवस्था लगायतका शैक्षिक विकासका कार्यहरू गर्दै आएको कुरा अत्यन्त सराहनीय छ ।

आजको युगमा कृषि तथा पशुपालन क्षेत्रको विकास शिक्षित युवा पुस्ताको सक्रिय सहभागिता - बेगर सम्भव छैन । यस सन्दर्भमा भूपू विद्यार्थी समाजका युवाहरूले आफ्नो गाउँ, विद्यालय र समाजप्रतिको योगदानमार्फत उदाहरणीय कार्य गरिरहेका छन् ।

म "बच्छला सन्देश" स्मारिकाको सफल प्रकाशन, यसमा समावेश सम्पूर्ण सन्देश, रचना, विचार र दस्तावेजहरूले समाज र राष्ट्र निर्माणमा सकारात्मक प्रभाव पारोस् भन्ने कामना गर्दछु । आगामी दिनहरूमा अझ थप सिर्जनशीलता, सहकार्य र नेतृत्वदायी भूमिका निर्वाह गर्दै जाओस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

मिति: २०८२।०१।०३

मा. रामनाथ अधिकारी
मन्त्री
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

मा. बुद्धिमान तामाङ
प्रतिनिधि सभा सदस्य
धादिङ क्षेत्र नं. २

Hon. Buddhiman Tamang
Member of Parliament
Dhading-2

मितिः२०८२/०१/०५

# शुभकामना



बच्छलादेवी माध्यमिक विद्यालयको भूपू विद्यार्थी समाज, खनियाबास-५ ले स्मारिका 'बच्छला सन्देश' प्रकाशन गर्न लागेको सुन्दा मलाई प्रसन्नता महसुस भएको छ ।

समाजले विद्यालयसँग समन्वय र सहकार्य गर्दै विद्यार्थीहरूको सिकाइ एवं क्षमता अभिवृद्धिका कार्यक्रमदेखि शैक्षिक सामग्री वितरण, छात्रवृत्ति, विपन्न विद्यार्थीका लागि न्यानो कपडा वितरण, स्वच्छ खानेपानीको प्रबन्ध मिलाउने समेतको काम गरी स्वार्थ रहित सामाजिक एवं सेवामूलक काम गर्दै आएको विदित नै छ ।

पढेलेखेको कारण जसले जीवनमा केही ज्ञानको उज्यालो कमाएको छ, त्यसले अलिकति उज्यालो अरूलाई पनि बाँड्न सक्नु नै जीवनको सफलता हो । शिक्षाकै कारणले आर्थिक पाटोमा केही सफलता हासिल गरेकाले दयनीय आर्थिक अवस्था भएकाहरूमा सकारात्मक परिवर्तनमा लागि केही योगदान गर्नु जीवनको सार्थकता हो । अझ शिक्षाको उज्यालोका लागि योगदान दिनु त अब्बल र अनुकरणीय पनि हो ।

पूर्व विद्यार्थी समाजले आफू पढेकै विद्यालयको उन्नति र प्रगतिका लागि आफ्नो आम्दानीको सानो-सानो हिस्सा जोडेर योगदान दिएकोप्रति मलाई अत्यन्त खुसी लागेको छ । आर्थिक हिसाबले यतिबेला नेपाल गरिब भए पनि मनको धनी छ । नेपाली जनता आफ्नो गाँस काटेर भए पनि समाजका लागि केही गर्नुपर्छ भन्ने भावना राख्छन् । यो नेपालीको विशिष्ट पहिचान हो । पूर्व विद्यार्थी समाजले पनि विद्यालय र स्थानीय समुदायको हितका लागि यस्तो विशिष्ट योगदान पुऱ्याएका छन् । समाज बधाईको पात्र छ ।

'एक पटकको नेपाली सधैंको नेपाली' भइसकेको अवस्थामा स्वदेश वा विदेशमा रहेका विद्यार्थीहरूले शैक्षिक विकासमा देखाएको तदारूकताले सबै क्षेत्रमा सकारात्मक ऊर्जा दिन सकोस् । विकास र समृद्धिको क्षेत्रमा सबैलाई एक ठाउँमा आउने प्रेरणा मिलोस् । शुभकामना ।

बुद्धिमान तामाङ
सदस्य, प्रतिनिधिसभा
पूर्वमन्त्री एवं वरिष्ठ उपाध्यक्ष, राप्रपा

खनियाबास ५ धादिङ buddhimantamang121@gmail.com 9851073610

**मा. बिना लामा**
**प्रतिनिधि सभा सदस्य**
**धादिङ क्षेत्र नं. २**

**HON. BINA LAMA**
Member of Parliament
Dhading-2

मिति:२०८२/०१/०५

# शुभकामना



नव वर्ष २०८२ सालको पावन अवसरमा समाज परिवर्तनको मूल आधार म शिक्षालाई मान्दछु । शिक्षित, सुसंस्कारयुक्त र उत्तरदायी नागरिक उत्पादन गर्ने लक्ष्य बोकेर अघि बढिरहेको बच्छलादेवी मा.वि. को योगदान सधैं प्रशंसनीय रहँदै आएको छ । यस विद्यालयका भूतपूर्व विद्यार्थीहरूद्वारा स्थापना गरिएको बच्छलादेवी मा.वि. भूतपूर्व विद्यार्थी समाजले विद्यालय तथा समुदायको समुन्नतिमा पुन्याउँदै आएको निरन्तर योगदान अझ प्रेरणादायी छ । भूतपूर्व विद्यार्थी समाजले गरिएको प्रयासमा साथ र समर्थन दिन पाउनु गर्वको विषय हो ।

नववर्ष २०८२ सालको यस पावन अवसरमा म विद्यालय परिवार, शिक्षक शिक्षिका, अभिभावक, विद्यार्थी तथा भूतपूर्व विद्यार्थी समाजलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । नयाँ वर्षले शिक्षा, सशक्तिकरण, समान अवसर र समृद्धिको उज्यालो सन्देश लिएर आउन सकोस् भन्ने कामना गर्दै म भविष्यमा पनि शिक्षा क्षेत्रको प्रगति तथा सुधारमा मेरो तर्फबाट सक्दो सहयोग रहने विश्वास दिलाउन चाहन्छु ।

नववर्ष २०८२ सालको उज्ज्वल, सफल र समृद्ध भविष्यको शुभकामना !

मा. बिना लामा
प्रतिनिधि सभा सदस्य

रूवी भ्याली २, धादिङ Email: helenbina920@gmail.com Mobile No.: 9851175580

मा. दिलमान पाखिन
सदस्य: संविधान सभा नेपाली कांग्रेस, धादिङ

**Hon. Dil Man Pakhrin**

Member: Constitution Assembly Nepali Congress,Dhading

मिति:२०८२/०१/०५

# शुभकामना



नव वर्ष २०८२ को सु-अवसरमा बच्छलादेवी मा.वि. भूपू. विद्यार्थी समाजले स्मारिका प्रकाशन गर्न लागेकोमा ज्यादै खुशी लागेको छ । सर्वप्रथम संपूर्णमा २०८२ सालको हार्दिक मङ्गलमय शुभकामना ।

बच्छलादेवी माध्यमिक विद्यालय २०३२ पौष सालमा स्थापना भई यस क्षेत्रमा शिक्षाको उज्यालो ज्योति छरिरहेको छ । यस विद्यालय स्थापनामा क्रान्ति नायक स्व. दामन पाखिन, भूपू. सभापति स्व. टेक बहादुर तामाङ, भूपू. प्रधानपञ्च स्व. काजीमान तामाङ पाखिन, सु. मे. दलहादुर घले, जगन्नाथ रिजाल, तुलसी प्रसाद रिजाल, खो प्रसाद रिजाल, मेघनाथ रिजाल, स्व. अर्जुन बहादुर रिजाल लगायत बुद्धिजिवी, समाजसेवीहरूको महत्वपूर्ण योगदान रहेको छ । २०६५ सालदेखि साबिक सत्यदेवी गा.वि.स. को बजेट तथा समुदायको सहयोगबाट उच्च मा.वि. सञ्चालन भएको ब्यहोरा विदीतै छ । सबै समुदायको आ-आफ्नो ठाउँबाट महत्वपूर्ण योगदान रहेको छ । यस विद्यालयबाट SLC तथा कक्षा १२ उत्तीर्ण गरी राज्यका महत्वपूर्ण ओहोदा तथा पदहरूमा पुग्न सफल भएको छ । यसरी सबै क्षेत्रमा यो विद्यालयका विद्यार्थी पुग्न सक्नु भनेको बच्छलादेवी माध्यमिक विद्यालयको देन हो । यस बच्छलादेवी मा.वि. का पूर्व विद्यार्थीहरूलाई समेटी विद्यालय तथा समाजप्रति केही गर्ने उद्देश्यका साथ २०७८ सालमा पूर्व विद्यार्थीहरूबाट समाज दर्ता गरी वैधानिक रूपमा सञ्चालन गर्दै विद्यालयसँग निरन्तर सहकार्य गरी शैक्षिक सुधारका कार्य गर्दै आई रहेका छन् । भूपू. विद्यार्थी समाजले आफ्नो वार्षिक गतिविधि साथै विद्यालयबाट SLC र कक्षा १२ उत्तीर्णहरूको विवरण सहित लेख, रचनाहरूको संगालो 'बच्छला सन्देश' ले सबै पूर्व तथा वर्तमान विद्यार्थी समाजमा कृयाशिल बुध्दिजीवी, राजनितिक कर्मी सबैमा विद्यार्थी समाजले सु-सन्देश दिन सकोस् । विद्यार्थी समाज तथा स्मारिका मार्फत विद्यालय परिवारप्रति समेत शुभकामना ब्यक्त गर्दछु । धन्यवाद ।
जय नेपाल ।

दिलमान पाखिन
भूपू. कानून न्याय तथा संसदीय मामिला राज्यमन्त्री,
संविधान सभा सदस्य तथा नेपाली कांग्रेस केन्द्रीय सदस्य

परशुराम तामाङ
संविधान सभा सदस्य
राष्ट्रिय प्रजातन्त्र पार्टी

Parashu Ram Tamang
Member of Constituent Assembly
RASTRIYA PRAJATANTRA PARTY

मिति:२०८२/०१/०५

# शुभकामना



नयाँ वर्ष २०८२ को अवसरमा बच्छलादेवी मा.वि. भूतपूर्व विद्यार्थी समाजले 'बच्छला सन्देश' स्मारिका प्रकाशन गर्न लागेको जानकारीले मलाई गर्व लागेको छ ।

सर्वप्रथम बच्छलादेवी माध्यमिक विद्यालयलाई एक सय एक रोपनी जग्गा दान दिनु हुने रिजाल परिवार र तत्कालिन विद्यालय व्यवस्थापन समितिलाई धन्यवाद व्यक्त गर्दछु ।

म यस विद्यालयमा अध्ययन गरी आर्जन गरेको शिक्षाबाट प्रेरित भई समाजको विभिन्न संघ-समाजहरूमा सेवा गर्ने क्रममा नेपालको संविधान २०७२ निर्माण गर्न संविधान सभा सदस्य र नेपाल सरकारको मन्त्री बन्ने अवसर प्राप्त गर्नुमा बच्छलादेवी. मा.वि. को योगदान रहेको महसुस गरेको छु ।

आगामी दिनमा बच्छलादेवी माध्यमिक विद्यालको शैक्षिक गुणस्तर सुधारसँगै दक्ष जनशक्ति उत्पादनमा यस भु. पू. विद्यार्थी समाजको अहम् भूमिका रहने नै छ । विद्यालयको शैक्षिक उपलब्धि हासिल गर्न समाजको तर्फबाट हुने हरेक कृयाकलापमा मेरो सहयोग तथा शुभेक्षा रहने छ । अन्तमा यस बच्छलादेवी भू.पू. विद्यार्थी समाजको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

परशुराम तामाङ
भू.पू. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री,
संविधान सभा सदस्य तथा रा.प्र.पा. केन्द्रिय सदस्य

निवास: ०१-४८८५५३८, मोबाइल नं. ९८४१०५०३८३, (Perhuramtamong2070@gmail.com)

मा. डम्बर तामाङ
प्रदेश सभा सदस्य
बागमती प्रदेश सभा, नेपाल

HON. DAMBER TAMANG
Member of Bagamati Provincial Assembly
Bagamati Provincial Assembly, Nepal

प.सं.:
च.नं.:

मिति:२०८२/०१/०५

# शुभकामना



खनियाबास गा.पा. ५ धादिङ र म्यागाङ गा.पा. नुवाकोटको सिमानामा हेको बच्छला मा.वि. मा अध्ययनरत विद्यार्थीहरूको साझा समाज बच्छलादेवी मा.वि. भूपू विद्यार्थी समाजकेही वर्षदेखि संचालनमा हुँदै आएको र नेपालीहरूको नयाँ वर्ष २०८२ को शुभ अवसरमा 'बच्छाला सन्देश' नामक स्मारिका प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्तै खुशी लागेको छ ।

बि.स. २०७८ फाल्गुन ३० गते जिल्ला प्रशासन कार्यालय धादिङमा र बि.स. २०८० आश्विन ३० गते समाज कल्याण परिषद काठमाडौमा दर्ता भई सम्बन्धित विद्यालयसँग सहकार्य गरी विद्यार्थीहरूको सिकाई, क्षमता बृद्धी, शैक्षिक कार्यक्रमहरू छात्रवृद्धि कार्यक्रम, न्यानो कपडा वितरण लगायत थुप्रै कार्यहरू गरी त्यस विद्यालयको विद्यार्थीहरूसँग निरन्तर जोडिने कार्यहरू भएको र विद्यालयको कार्यक्रममा मात्र नभई विभिन्न भेटघाट, छलफल, अन्तरक्रिया कार्यक्रमहरू जस्ता कार्यले विभिन्न बाहिरि समाजहरूसँग समेत जोडेर बच्छला मा.वि. परिवार र समाजले विभिन्न अनुभवहरू साटासाट तथा विभिन्न फाइदाजनक कार्यहरू समेत भइरहेको कुराले एकदमै हर्षित छु ।

अन्त्यमा यस समाज बच्छला मा.वि. भूपू विद्यार्थी समाज परिवारलाई २०८२ नयाँ वर्षको अवसरमा हार्दिक शुभकामना । यस समाजको योगदान देश-विदेश हरेक क्षेत्रमा अपरिहार्य छ र आउँदा दिनहरूमा मेरो क्षमताले भ्याएसम्मको सहयोग गर्ने प्रतिबद्धताका साथ 'बच्छला सन्देश' लेखन, सम्पादन र प्रकाशनमा सहयोग पुर्याउनु हुने सम्पूर्णमा हार्दिक आभार ।

मा. डम्बर तामाङ
पूर्व पर्यटन तथा सहकारी विकास मन्त्री
तथा प्रदेश सभा सदस्य
बागमती प्रदेश

बागमती प्रदेश धादिङ
९८५१२१६८१६
tdambar848@gmail.com

**मा. गोविन्द लम्साल**
प्रदेश सभा सदस्य, बागमती प्रदेश
नेपाली कांग्रेस
प्रमुख सचेतक, बागमती प्रदेश
संसदीय दल

**HON. GOVINDA LAMDAL**
Member of Province Assembly Bagmati
Nepali Congress
Chief Whip, Bagmati Province
Parliamentary Party

मिति : २०८१।१२।२९



## शुभकामना मन्तव्य

श्री मच्छलादेनी माध्यमिक विद्यालय, धादिङको उत्तरी क्षेत्रमा रहेको शिक्षाको केन्द्रबिन्दु हो। यस विद्यालयबाट जिल्ला भरिका अभिभावकहरुलाई जग्गा दान गर्नुपर्छ भन्ने ज्ञान प्रदान गरेको छ। यस्तो महत्वपूर्ण विद्यालयमा अध्ययन गर्ने पूर्व विद्यार्थी समाजद्वारा मच्छला सन्देश नामक स्मारीका पुस्तक प्रकाशन गर्न लागेकोमा म अत्यन्त हर्षित भएको छु।

केही समय आफूले अध्यापन गरेको विद्यालयका विद्यार्थीहरुद्वारा यो पुस्तक प्रकाशन गर्ने कामले भावी सन्ततिलाई ठूलो प्रेरणा मिल्नेछ भन्नेमा विश्वस्त छु। स्मारीका तयार गर्नु आफैंमा कठिन काम हो बौद्धिक र परिश्रमको मेलबाट तयार हुने यस स्मारीकाले भविष्यको लागि मार्ग दर्शक बन्नेछ

यस स्मारीकाले भविष्यका सन्ततीहरुलाई सत्मार्ग पहिल्याउने बलियो आधार बनोस्, कालान्तर सम्म यसको गति अझै बढिरहोस् भन्ने शुभकामना सहित नव वर्ष २०८२ को उपलक्ष्यमा सम्पूर्ण धादिङबासीलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

**मा. गोविन्द लम्साल**
प्रदेश सभा सदस्य बागमती प्रदेश
प्रमुख सचेतक
नेपाली कांग्रेस, बागमती प्रदेश, संसदीय दल

Email Add: honourablegobinda85@gmail.com Contact.No. +977-9841527306

NEHCO, NEPAL
MANMOHAN MEMORIAL MEDICAL COLLEGE & TEACHING HOSPITAL (P.)
मनमोहन मेमोरियल मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल (प्रा.)



## शुभकामना

यो करिब २०४२ सालको हिउँदको कुरा हो दुई जना शिक्षक साथीहरु श्री बच्छलादेवी मा. बि. मा बिज्ञान र गणित पढाउने शिक्षक नभएर साह्रै अठ्यारो भयो तपाईं जसरी पनि केही महिनाको लागि भए पनि जानु पर्यो भन्नु भयो। काठमाण्डौमा त्यस बेला साइन्स पढाउने क्याम्पसहरु जम्मा तीनवटा मात्र थिए । अमृत क्याम्पस, त्रीचन्द्र क्याम्पस र पाटन संयुक्त क्याम्पस । म पनि एस. एल. सी. पश्चि अमृत साइन्स क्याम्पसमा भर्ना भएर दुई बर्ष आइ. एस्सी अध्ययन गरेर आफ्नो गाउँ धुवाकोटमा रहेको श्री सरस्वती नि. मा. वि. मा बिज्ञान र गणित पढाउन थालेको थिएँ । म पनि नि. मा. बि. मा पढाउन भन्दा मा. बि. मा पढाउँदा राम्रो हुने ठानेर एक दिनको बाटो हिँडेर भोतीमल्ट तत्कालिन सत्यवती गाउँ पन्चायत स्थित श्री बच्छलादेवी मा. वि. मा बिज्ञान र गणित पढाउन थालें ।

धादिङ जिल्लाकै शैक्षिक इतिहासमा दुर्गम स्थानमा रहेको माध्यमिक बिध्यालय मध्य एक श्री बच्छलादेवी मा. बि. हो । यस मा. बि. मा धादिङ जिल्लाका तत्कालिन झार्लाङ गाउँ पन्चायत, दार्खा गाउँ पन्चायत, सत्यदेवी गाउँ पन्चायत, मार्कक गाउँ पन्चायत र नुवाकोट जिल्लाको बर्सेन्चो गाउँ पञ्चायतबाट बिद्यार्थीहरु अध्ययन गर्न आउँने रहेछन । दुर्गम स्थानमा रहेको भएपनि यो विद्यालय जिल्लामा फिर परिचित रहेछ शैक्षिक र अन्य अतिरिक्त कृयाकलापहरुको आधारमा । मैले करिब ११ महिना ९ र १० कक्षाका बिध्यार्थीहरुलाई बिज्ञान, म्याथ, अप्सनल म्याथ र कहिले कहिँ अंग्रेजी पनि पढाएँ ।

शिक्षा समाज, मानव जाती तथा राष्ट्र रुपान्तरणको प्रमुख आधार हो । ब्यक्तिको सर्वाङ्गीण विकास मार्फत सक्षम, सीपमुलक र उत्पादनशील जनशक्ती तयार गरी देशको विकास, समृद्धिको र सुशासन हासिल गर्न शिक्षाको अहम भुमिका रहन्छ । बिध्यालयको भौतिक सम्पन्नतालाई उचित सदुपयोग गरी गुणस्तरीय शिक्षाको राजमार्गमा पुर्‍याउन गरिएको बिध्यालयलाई अझै बढाउनु तथा देश, समाज र समग्र मानव जातिको आवश्यकतालाई सम्बोधन गर्न सक्ने ब्यवहारिक शिक्षा प्रणालीको दिशामा बिध्यालयलाई अघी बढाउन सम्बद्ध सबैको साथ, सहयोग र सहभागितालाई संयोजन गर्न पुर्व बिध्यार्थीहरुले भुमिका खेल्नु पर्दछ ।

यस अबसरमा बिध्यालयको स्थापना काल देखिको हालसम्मको यात्रामा सहभागी बन्दै बिध्यालयलाई यहाँ सम्म ल्याउन भुमिका खेल्नु भएका स्थानिय समुदाय, स्थापना कालदेखी हालसम्मका बिध्यालय सँचालक समितिहरु, गुणस्तरीय शिक्षामा अहोरात्र खटिनुहुने शिक्षक वर्ग, मिहिनेती बिध्यार्थीहरु, बिध्यालयको शैक्षिक, भौतिक र अन्य पक्षमा सहयोग गर्ने सबै प्रती हार्दिक धन्यवाद दिन चाहान्छु ।

नव वर्ष २०८२ को अवसरमा त्यस बिध्यालयका पुर्व बिध्यार्थीहरुले स्थापना गरेको संस्थाले बच्छला संदेश प्रकासन गर्न लागेको खबरले मलाई खुसी लागेको छ । त्यस बिध्यालयको लुकिरहेको ऐतिहासिक पक्षलाई उजागर गर्दै नयाँ पिढिलाई दुर्गम स्थानमा रहेको सामुदायिक बिध्यालयको महत्व स्मरण गराउनु यस संस्थाको उद्येश्य हुनुपर्दछ । यस कार्यले अग्रजहरुको कामको सम्मान र नयाँ पुस्तालाई सामाजिक एवं शैक्षिक जागरण प्रतिको कर्तब्य स्मरण गराउन सफल हुने विस्वास समेत लिएको छु र संस्थाको उद्येस्य पुरा होस भन्ने शुभकामना पनि ब्यक्त गर्न चाहन्छु । अन्त्यमा, बच्छला संदेश प्रकाशन गर्ने र मलाई पनि केही लेख्न अनुरोध गर्नु भएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

- डा राम कुमार अधिकारी
पुर्व प्रदेश राज्य मन्त्री

स्थानीय सरकार

# खनियाबास गा.पा.

ཁྭ་ཉིཡ་བྭས་གཞུ་པྭ་ལི་ཀཱ།

## गाउँ कार्यपालिकाको कार्यालय

दार्खा, धादिङ
बागमती प्रदेश, नेपाल

मिति:२०८१/११/२५

## ॥ शुभकामना ॥



बच्छलादेवी मा.वि. भूपू. विद्यार्थी समाजले नयाँ वर्ष २०८२ को अवसरमा "बच्छला सन्देश" प्रकाशन गर्न लागेकोमा बधाई तथा शुभकामना व्यक्त गर्दै आफ्नो भनाई राख्ने मौका पाउँदा तहाँ समाजलाई हृदयबाट नै आभार व्यक्त गर्न चाहन्छु । यस खनियाबास गा.पा. को शैक्षिक क्षेत्रमा भूपू. विद्यार्थीहरूसँग साथै अन्य विद्यालयहरूलाई गर्दै आएको सहयोगको खुल्ला मनले प्रशंसा गर्दै गा.पा. को तर्फबाट शुभकामनाको दुई शब्द व्यक्त गर्न चाहन्छु ।

वि.सं. २०७८ सालमा विधिवत दर्ता भई यस बच्छलादेवी मा.वि. भूपू विद्यार्थी समाजले खनियाबास गा.पा. का विद्यालयहरूसँग सहकार्य गरी विभिन्न शैक्षिक विकासका कार्यहरू गर्दै आएकोमा शिक्षा क्षेत्रलाई एक विकासको महत्वपूर्ण स्तम्भको रूपमा हेरिरहेको यस पालिका परिवार धन्यवाद व्यक्त गर्दछु । गा.पा. को अध्यक्षको रूपमा रही गा.पा. को शिक्षालाई जरैदेखि बलियो बनाउने उद्देश्यले बालविकास सहजकर्तालाई अन्तराष्ट्रिय स्तरको तालिम (UG–5) प्रदान गरी गा.पा. मा बालविकास सम्बन्धी सिकाई आदानप्रदानको कार्यहरू भई रहेको छ । तपाईहरू जस्तै समाजको सहयोगले यस बच्छलादेवी मा.वि. जिल्लामा सामुदायिक विद्यालयमा २०८०को एस.ई.ई. परीक्षामा प्रथम भई गा.पा. को नाम उच्च राख्न सफल भएकोमा सबैलाई धन्यवाद दिन चाहान्छु । गा.पा. का अन्य विद्यालय तथा पालिकाभरि कै विद्यार्थी, शिक्षक-शिक्षिका तथा सम्पूर्ण सरोकार वालाहरूसँग पनि हातेमालो गर्दै शिक्षा क्षेत्रमा कार्य गर्नको लागि अनुरोध गर्न चाहन्छु ।

अन्त्यमा यस गा.पा. को शैक्षिक हितको लागि काम गर्नु हुने बच्छलादेवी मा.वि. भूपू विद्यार्थी समाजलाई स्वयम् गा.पा. अध्यक्ष र गा.पा. परिवारको तर्फबाट समाजको स्मारिका प्रकाशन गर्न लाग्नु भएकोमा हार्दिक बधाई तथा समाजकको उत्तरोत्तर प्रगतिको लागि कामना गर्दछु ।

रणबहादुर तामाङ
गा.पा. अध्यक्ष

स्थानीय सरकार

खनियाबास गा.पा.

ཁཱ་ནིཡ་བཱས་གཞུ་པཱ་ལི་ཀཱ།

# गाउँ कार्यपालिकाको कार्यालय

दार्खा, धादिङ

बागमती प्रदेश, नेपाल

मिति:२०८२/०१/०९

## ||| शुभकामना |||



सर्वप्रथम त यस खनियाबास गा.पा. को वडा नं. ५ अन्तर्गत रहेका बच्छलादेवी माध्यमिक विद्यालयमा अध्ययन गरी हाल विभिन्न पेशा तथा व्यवसायमा संलग्न रहेका पूर्व विद्यार्थीहरूले यस बच्छलादेवी मा.वि. को उन्नति प्रगति र विद्यालय मार्फत यस क्षेत्रको शैक्षिक उन्नति, प्रगति तथा उत्थानमा सहयोग पुग्ने उद्देश्यले गठन गरिएको "बच्छलादेवी माध्यमिक विद्यालय भूतपूर्व विद्यार्थी समाज" मार्फत प्रकाशन गर्न लागिएको "बच्छला सन्देश" मा शुभकामना राख्ने मौका पाएकोमा खुशी लागेको छ ।

"शिक्षा समाज विकासको मेरूदण्ड हो" भन्ने यथार्थ भनाई आत्मसात गरी प्रत्येक तहका सरकारले विद्यालय स्तरदेखि नै शैक्षिक सुधारमा प्रयास जारी राखेको छ । बहु बुद्धिमताको सिद्दान्त अनुसार विद्यार्थीभित्र लुकेको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउन विद्यालयहरू सफल हुनेछ भन्ने अपेक्षा लिएको छु । यस खनियाबास गा.पा. का समग्र शैक्षिक उत्थानमा सहयोग पुग्ने उद्देश्यले बच्छलादेवी माध्यमिक विद्यालय भू.पू. समाजले समय समयमा विभिन्न शैक्षिक गतिविधि गर्दै आइरहेको छ जुन अति नै सराहनीय छ । हाल आएर यस बच्छलादेवी मा.वि. भू.पू. समाजले प्रकाशन गर्न लागेका बच्छला सन्देशले यस खनियाबास गा.पा. को शैक्षिक अवस्थामा थप सुधार ल्याउने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल होस् भनि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सेक्केमान तामाङ  
गा.पा. उपाध्यक्ष

स्थानीय सरकार

# खनियाबास गा.पा.

# ཁྭ་ཉིཡ་བྭས་གཞུ་པྭ་ལི་ཀཱ།

# ५ नं. वडा कार्यालय

सत्यदेवी, धादिङ

बागमती प्रदेश, नेपाल

मिति:२०८२/०१/०९

## ||| शुभकामना |||



बच्छलादेवी मा.वि. भूपू विद्यार्थी समाजले नयाँ वर्ष २०८२ सालको पावन अवसरमा समाजको स्मारिका "बच्छला सन्देश" प्रकाशन गर्न लागेकोमा बधाई तथा शुभकामना व्यक्त गर्दै आफ्नो भनाई राख्ने मौका पाउँदा भूपू विद्यार्थी समाजलाई हृदयदेखि नै आभार प्रकट गर्न चाहन्छु ।

वि.सं. २०३२ सालमा स्थापना भएको यस बच्छलादेवी मा.वि. तत्कालीन समयमा जिल्लाको उत्तरी भेगको शिक्षा क्षेत्रमा निकै ठुलो योगदान पुर्‍याए लगत्तै २०८० सालको एस. ई. ई. परीक्षामा सामुदायिक विद्यालयहरूमा जिल्ला प्रथम भई विद्यालय र सिङ्गो वडा र पालिकाको नाम राख्न सफल भएकोमा यस उपलब्धी प्राप्तिमा अहोरात्र खटिनुभएका सम्पूर्ण विद्यालय परिवार, बि.व्य.स. शिक्षक, शिक्षिकाहरू लगायत भू.पू. विद्यार्थी समाजलाई धन्यवाद प्रकट गर्न चाहान्छु । यसै गरी आगामी दिनहरूमा पनि विद्यालयको शैक्षिक उन्नती र प्रगतीमा भू.पू. विद्यार्थी समाजको अहम् भूमिका रहोस् भन्न चाहान्छु ।

अन्त्यमा, यस विद्यालयको शैक्षिक उन्नती र हितको लागि काम गर्नु हुने बच्छलादेवी मा.वि. भू.पू. विद्यार्थी समाजलाई खनियाबास गा.पा. -५ वडाको अध्यक्षको तर्फबाट र सम्पूर्ण वडा परिवारको तर्फबाट समाजको स्मारिका "बच्छला सन्देश" प्रकाशन गर्न लाग्नु भएकोमा हार्दिक बधाई तथा शुभकामना तथा भू.पू. विद्यार्थी समाजको उत्तरोत्तर प्रगतीको कामना गर्दछु ।

रबिन कुमार तामाङ
वडा अध्यक्ष

**खनियाबास गाउँपालिका**
**Khaniyabas Rural Municipality**
३ नं वडाकार्यालय(3 No. Ward Office)
दर्खा,धादिङ(Darkha, Dhading)
बागमती,प्रदेश,नेपाल(Bagmati Province, Nepal)

पत्रसंख्या: (F/Y):
चलानीनं:(Ref. No.):

# शुभकामना

मिति(Date): २०८२-०१-०४



खनियाबास गा.पा. वडा नं. ३ मा अवस्थित उत्तरी धादिङमा शिक्षाको ज्योति छरेर चेतनाको आवाज बुलन्द गर्न अभ्यासरत बच्छलादेवी माध्यमिक विद्यालयमा अध्ययन गरी अहिले अनेक पेशा, व्यवसायमा संलग्न भूपू विद्यार्थीहरूले स्मरण ग्रन्थ प्रकाशन गर्न लागेको खबरले म अत्यन्त खुसी छु । यो विशेष प्राज्ञिक, अर्थपूर्ण र अभिलेखिकरण राख्ने कार्यमा सहयोग गर्ने सबैलाई वडा कार्यालयको तर्फबाट म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । विकासका पूर्वाधारमध्ये शिक्षा एक महत्वपूर्ण आधार हो । म स्वयं यस विद्यालयको पूर्व विद्यार्थी हुँ ।

यस विद्यालयले गाउँको विकास, समृद्धि, चेतनाको वृद्धिका लागि आवश्यक थुप्रै मानव जनशक्ति उत्पादन गरेको छ । राजनीति, नोकरी, पेशा, व्यवसाय आदिमा लाग्नुभएका धेरै अग्रज तथा अनुजहरू यसै विद्यालयका उत्पादन हुन् । ती सबैलाई एकतावद्ध गराई समाज विकासमा शिक्षाको प्रयोजनलाई सार्थक बनाउन लाग्न यसले थप योगदान दिनेछ भन्ने मेरो विश्वास छ । यही अवसरमा दत्तचित्त भएर लाग्ने सञ्चालक समितिमा रहेर निस्वार्थ सेवा गर्नु भएका अग्रजहरू, अभिभावकहरू, शिक्षकहरू तथा कर्मचारीहरूलाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

अहिलेको संघात्मक व्यवस्थाले माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको अधिकार अन्तर्गत राखेको अवस्थामा विद्यालयको भौतिक र शैक्षिक विकास हुनुपर्दछ । यसको लागि भूपू विद्यार्थीहरूको रचनात्मक सहयोग आवश्यक पर्दछ । अब युग, परिस्थिति, परिवेश र समयको माग बमोजिम प्रविधि मार्फत डिजिटलाईजेसन तर्फ पनि अगाडि बढ्न कार्ययोजना बनाई अग्रसर हुन शुभकामना व्यक्त गर्दछु । स्मारिका प्रकाशन गरी ज्ञान अभिलेखीकरण कार्यको लागि प्रकाशक समितिलाई बधाई तथा शुभकामना दिँदै यस कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष संलग्न सबैमा धन्यवाद दिन चाहन्छु ।

कमानसिङ तामाङ
वडाध्यक्ष

म्याग्दङ गाउँपालिका
Myagang Rural Municipality
०४ नं. वडा कार्यालय
04 No. Ward Office
नुवाकोट, बागमती प्रदेश, नेपाल
Nuwakot, Bagmati Province, Nepal
२०७३
(2073)

पत्र सङ्ख्या :
चलानी नं.

मिति : २०८२-०१-०३

# शुभकामना



बच्छलादेवी माध्यमिक विद्यालय भूपू विद्यार्थी समाज खनियाबास-५ धादिङले नव वर्ष २०८२ को अवसरमा 'बच्छला सन्देश' स्मारिका प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्तै खुशी लागेको छ ।

बच्छलादेवी माध्यमिक विद्यालय लामो शैक्षिक इतिहास बोकेको विद्यालय हो । यस विद्यालयबाट २०४४ सालदेखि SLC को परीक्षामा सम्मिलित भएका हुन् । म स्वयं पनि यस विद्यालयका पूर्व विद्यार्थी हुँ । विद्यालयले धेरै आरोह-अवरोह पार गर्दै कक्षा १२ सम्म नियमित पठनपाठन हुँदै आई रहेको छ । विद्यालयलाई यस अवस्थासम्म ल्याउन विभिन्न व्यक्तित्वहरूको महत्वपूण योगदानका साथै अभिभावकहरूको पनि उत्तिकै योगदान रहेको छ । त्यसैले हरेक उपलब्धिहरूमा समाज र समुदायको सहकार्य बिना सम्भव छैन । मलाई खुसी लागेको कुरा त्यस विद्यालयमा अध्ययन पश्चात विभिन्न पेसा, व्यवसायमा रहनु भएका ब्यक्तिहरूलाई यस भूपू विद्यार्थी समाजले जोडिने कार्य गर्नु भएको छ । यो एउटा महत्वपूर्ण पक्ष हो । समाजले भूपू विद्यार्थी साथीहरूलाई समन्वय गरी विद्यालयमा केही गरौ भन्ने सोचका साथ अगाडी बढिरहेको छ । यसका लागि भूपू विद्यार्थी समाजप्रति आभार प्रकट गर्न चाहन्छु । समाजले विभिन्न उद्देश्य राखि वार्षिक रूपमा कार्यक्रम राख्नु नै समाजको सबल पक्ष हो । आगामी दिनहरूमा अझ महत्वपूर्ण कार्य योजनाका साथ अगाडी बढ्न सकुन् भन्ने शुभेच्छासहित बच्छलादेवी माध्यमिक विद्यालय भूपू विद्यार्थी समाजको उत्तरोत्तर प्रगतिको शुभकामना ब्यक्त गर्दछु ।

कमल बहादुर तामाङ
वडाअध्यक्ष

स्थानीय सरकार

खनियाबास गा.पा.

ཁྭ་ནིཡ་བྭས་གཞུ་པྭ་ལི་ཀ།

# गाउँ कार्यपालिकाको कार्यालय

दार्खा, धादिङ

बागमती प्रदेश, नेपाल

मिति:२०८२/०१/०२

## ॥ शुभकामना ॥



धादिङ जिल्लाको उत्तरी क्षेत्रमा रहेको खनियाबास गा.पा. वडा नं. ५ (साबिकको सत्यदेवी गा.वि.स.) अन्तर्गत श्री बच्छलादेवी माध्यमिक विद्यालय २०३२ सालमा स्थापना भई यस क्षेत्रको शैक्षिक उन्नतिमा महत्वपूर्ण भूमिका खेल्दै आइरहेको कुरा हामी सबैमा सर्वविदीतै छ । यस विद्यालयको स्थापना कालदेखि हालसम्म सयौं बालबालिकाहरूले यस विद्यालयमा शिक्षा लिएर आ-आफ्नो जीवनलाई सजिलो बनाउनको साथै यस क्षेत्रको समग्र बिकासमा पनि सहयोग गरिरहनु भएको छ । यस कार्यमा विद्यालयको स्थापना कालदेखि हालसम्म विद्यालयसँग जोडिएका विभिन्न ब्यक्तिहरू जस्तै– प्र.अ., शिक्षक, समितिका पदाधिकारी, शिक्षाप्रेमी, जनप्रतिनिधि, अभिभावक लगायतका शिक्षासँग सबन्धित महानुभावहरूको ठूलो योगदान रहेको छ ।

शिक्षाको बिकास नभईकन कुनै पनि समाजको अन्य क्षेत्रको बिकास सम्भव छैन् । यो यर्थाथ भनाईलाई यस विद्यालयमा अध्ययन गरेर विभिन्न पेशा व्यवसायमा लागेका व्यक्तिहरूले यस बच्छलादेवी माध्यमिक विद्यालयको उन्नति, प्रगति कार्यमा सहयोग पुऱ्याउने उद्देश्य लिई गठन गरेको "बच्छलादेवी माध्यमिक विद्यालय भूतपूर्व विद्यार्थी समाज" मार्फत "बच्छला सन्देश" नामक स्मारिका प्रकाशन गर्न लागेको सुन्दा खुशी लागेको छ साथै यस "बच्छला सन्देश" स्मारिकाले बच्छलादेवी मा.वि. लगायत यस क्षेत्रका शैक्षिक अवस्थाको बिकासमा थप सहयोग पुग्ने छ भनी हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

............

कपिलदेव ठाकुर
स्रोत व्यक्ति
(खनियाबास गा.पा. शिक्षा शाखा)

# बच्छलादेवी माध्यमिक विद्यालय
# BACHCHHALA DEVI SECONDARY SCHOOL

खनियाबास गा.पा.-५, सत्यदेवी, धादिङ
Khaniyabas Rural Municipality-5, Satyadevi, Dhading
स्थापित : २०३२ Estd : 1975

पत्र संख्या :
Ref no.:
चलानी नं.
Dispatch no.

मिति Date :

मिति:२०८१/१२/१५

## ||| शुभकामना |||



सर्वप्रथम बच्छलादेवी मा.वि. भूपू विद्यार्थी समाजले स्मारिका तयार गरी प्रकाशन गर्न लागेकोमा म अत्यन्तै हर्षित र खुशी भएको छु ।

यस समाजले विद्यालयलाई विगत र वर्तमानमा दिनुभएको साथ र सहयोगप्रति विद्यालय परिवार हार्दिक आभर व्यक्त गर्दछौ । यस समाजले पहिलो पटक स्मारिका प्रकाशन गर्न लागेकोमा स्मारिका वर्तमान र भविष्यको लागि, भावि पुस्ताहरूको लागि मार्गचित्र, मार्गनिर्देशन, जिवित साक्षी र इतिहास बन्न सकोस् । यस समाजले राखेको, देखेको र गर्न लागेको उद्देश्य, लक्ष्य र दर्शन पूरा गर्दै सदैव सफलताको शिखर चुमिरहोस् साथ साथै समाजको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौ ।

राजु पाखिन
वि.व्य.स. अध्यक्ष

# बच्छलादेवी माध्यमिक विद्यालय
# BACHCHHALA DEVI SECONDARY SCHOOL

खनियाबास गा.पा.-५, सत्यदेवी, धादिङ
Khaniyabas Rural Municipality-5, Satyadevi, Dhading
स्थापित : २०३२ Estd : 1975

पत्र संख्या :
Ref no.:
चलानी नं.
Dispatch no.

मिति Date :

मिति:२०८२/०१/०५

## ॥ शुभकामना ॥



सर्वप्रथम नव वर्ष २०८२ सालको यस विद्यालयसँग सम्बन्धित शिक्षकशिक्षिक, अभिभावक, विद्यार्थीका सथौ सम्पूण देशवासीलाई मंगलमय शुभकामना व्यक्त गर्दछु ।

बच्छलादेवी मा.वि. भूपू. विद्यार्थी समाजले स्मारिका तयार गरी प्रकाशन गर्न लागे कोमा म अत्यन्तै हर्षित छु । यस समाजले विद्यालयलाई पुन्याउनु भएको सहयोग प्रति विद्यालय परिवार समाज प्रति कृतज्ञका साथै हार्दिक आभार प्रकट गर्दछौ । यस समाजले स्मारिका प्रकाशन गर्न लागेकोमा समाजको उत्तरोत्तर उन्नतिको कामना व्यक्त गर्दछौ । समाजले भविष्यमा पनि भावि पुस्ताहरूको लागि मार्गनिर्देशकको भूमिका निर्वाह गर्ने अपेक्षा गरेको छु । समाजले सदैव सफलताको शिखर चुमिरहोस् साथ साथै समाजको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौ ।

------------------
दिपमान गुरुङ
प्रधानाध्यापक